मितिः २०८२/०८/०४

समयः दिनको ११:०० बजे

स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०८२ साल मंसिर ०४ गते बिहिबारको दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरू माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

उपस्थितिः

| क.सं. | पदाधिकारीको नाम, कर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बा. मोक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कु. भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | Bhuvan |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरी माया वुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री राम प्रसाद शर्मा कँडेल | सदस्य-सचिव (प्र.प्र.अ.) | |

स्थानीय सरकार

कैलाश गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

कालिकाटार, मकवानपुर, बागमती प्रदेश

## गाउँकार्यपालिकाको बैठकको कार्यसूची

बैठक संख्याः- ०२ (०८२/०८३) मितिः- २०८२/०८/०४

स्थानः- गाउँ कार्यपालिकाको कार्यालय, कालिकाटार समयः- विहान ११.०० बजे

बैठकको अध्यक्षताः- लोक बहादुर मुक्तान, अध्यक्ष कैलाश गाउँपालिका ।

## छलफलका विषयहरु

| क्र.सं. | विषय | कैफियत |
|---|---|---|
| १ | पुर्व बैठकका निर्णयहरुको कार्यन्वयन समिक्षा | |
| २ | राष्ट्रिय रोजगार कार्यक्रमको बजेटबाँडफाँड सम्बन्ध | |
| ३ | चेपांङ्ग तथा अति बिपन्न समुदायका मातृ तथा बालबालिकाका लागि पोषण सुधार कार्यक्रम अन्तर्गत प्राप्त बजेटको बाँडफाँड र कार्यक्रम कार्यन्वयन | |
| ४ | कैलाश गाउँपालिका आधारभुत अस्पताल सञ्चालन मापदण्ड २०८२ | |
| ५ | कैलाश गाउँपालिकाको विद्यालयको प्रधानाध्यापक छनौट सम्बन्धी मापदण्ड २०८२ | |
| ६ | आ.व. २०८२-०८३ का विषयगत शाखाद्वारा सञ्चालन गरिने कार्यक्रमहरुको कार्यन्वयन सम्बन्धी निर्देशिकाहरु | |
| ७ | जिपलाईनको न्यूनतम वार्षिक शुल्क तोक्ने सम्बन्धमा | |
| ८ | संघीय समपुरक अनुदान कार्यक्रमको ठेक्का आव्हान | |
| ९ | विविध | |

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १-** कार्यपालिकाको मिति २०८२ साल भाद्र ०२ गतेको बैठकको निर्णयहरुको कार्यन्वयनको अवस्थाको समिक्षा गरियो । कार्यन्वयनको अवस्था सन्तोषजनक पाईयो ।

**निर्णय नं. २-** राष्ट्रिय रोजगार कार्यक्रममा रोजगार आयोजना सञ्चालनको लागि प्राप्त रकममा गाउँपालिकाले सतप्रतिशत रकम साझेदारी गर्नुपर्ने व्यवस्था रहेकोले चालु आ.व. मा स्वीकृत देहाय बमोजिमका कार्यक्रमहरुलाई ज्याला रकम कार्यन्वयनको लागि साझेदारी गरी देहाय बमोजिमका कार्यक्रमहरुलाई देहाय बमोजिमको दरले सुचिकृत बेरोजगारहरुको संख्याको आधारमा रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| सि.न. | योजनाको नाम | व्यहोर्ने श्रोत | | जम्मा बजेट | बेरोजगार संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | गाउँपालिकाको साझेदारी रकम | राष्ट्रिय रोजगार कार्यक्रम | | | |
| १ | वरभञ्याङ बुद्ध पार्क पुर्वधार निर्माण (वडा नं. १) | ७,००,०००।- | ३,९२,७८४।- | १०,९२,७८४ | १४० | |
| २ | छ्याङदुङ प्रतिक्षालय | २,००,०००।- | १,५९,९५४।- | ३,५९,९५४।- | ५७ | |
| ३ | कालिकाटार बजार वैकल्पिक सडक | ६,००,०००।- | २,६३,७२६।- | ८,६३,७२६।- | ९४ | |
| ४ | देउतिस स्याङ्गसिराङ्ग वडा कार्यालय सडक सरसफाई | ३,००,०००।- | १,५९,९५४।- | ५,५९,९५४।- | ५७ | |
| ५ | पोखरी तारुके सडक मर्मत | २,००,०००।- | १,९९,१९७।- | ३,९९,१९७।- | ७१ | |
| ६ | थुम्की डाँडा टाउर मर्मत तथा रंग रोगन | १,००,०००।- | ३,६४,७२८।- | ४,६४,७२८।- | १३० | |
| ७ | झो. पु. देखि रतुवा सडक निर्माण | | ४,४८,८९६।- | ४,४८,८९६।- | १६० | |

प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर सुनार
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | रान्चुराङ सडक ढुङ्गा सोलिङ | २,००,०००।- | ३,११,४२१।- | ५,११,४२१।- | १११ | |
| ९ | बरेटार जोइटी लागु सडक मर्मत | ३,००,०००।- | १,९३,५८६।- | ४,९३,५८६।- | ६९ | |
| १० | खुड्किलो निर्माण सिमेण्ट खरिद | १,००,०००।- | २,७७,७५४।- | ३,७७,७५४।- | ९९ | |
| | जम्मा | २७,००,००० | २७,७२,००० | ५५,७२,००० | ९८८ | |

**निर्णय नं. ३**- चेपाङ्ग तथा अति विपन्न समुदायका मातृ तथा बालबालिकाको लागि पोषण सुधार कार्यक्रम अन्तर्गत प्राप्त रु ७५,००,०००।— बजेटलाई देहायबमोजिमका कार्यक्रम (क्रियाकलाप) हरुमा देहाय बमोजिम रकम विनियोजन गरी खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| सि.नं. | बिवरण | जम्मा रकम | कैफियत |
|---|---|---|---|
| १ | Haemoglobin screening machine | ४००००० | |
| २ | rural ultrasound machine | ५००००० | |
| ३ | weight machine baby | ६०००० | |
| ४ | MUAC Tape | २०००० | |
| ५ | form format printing | ४०००० | |
| ६ | नमुना पोषण बगैचा टनेल निर्माण | २५०००० | |
| ७ | Calcium tablet | ३००००० | |
| ८ | पूर्ण गर्भ जांच गरि स्वा संस्थामा प्रसुती हुने लाइ थप पोषण प्रोत्साहन | ३३०००० | |
| ९ | सर्बोत्तम पिठो (लिटो) | ३६३००० | |
| १० | बृहत पोषण प्रदर्शनी | २००००० | |
| ११ | आमालाई खाना | १६५००० | |
| १२ | स्वस्थ बाल प्रतिस्पर्धा | ४००००० | |
| १३ | पोषण प्याकेज | २८८७५०० | |
| १४ | Database Develop | १०००००० | |
| १५ | विद्यालय पोषण शिक्षा/ बिबिध क्रियाकलाप | १७०००० | |
| १६ | मा.स्वा. से / आमा समुह अभिमुखीकरण | १८१००० | |
| १७ | स्वास्थ्यकर्मी तालिम | २३३५०० | |
| | कुल जम्मा | ७५००००० | |

**निर्णय नं. ४** गाउँपालिकाको ५ शैया अस्पताल सञ्चालन गर्न आवश्यक भएकोले " कैलाश गाउँपालिका आधारभुत अस्पताल सञ्चालन मापण्ड २०८२" स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

**निर्णय नं. ५** कैलाश गाउँपालिकाको विद्यालयको प्रधानाध्यापक छनौट सम्बन्धी मापदण्ड २०८२ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६** चालु आ.व. मा सञ्चालन गरिने विषयगत क्षेत्रका कार्यक्रमहरुको कार्यक्रम कार्यन्वयन निर्देशिका \ मापदण्ड \ कार्यविधी आगामी कार्यपालिका बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो

**निर्णय नं. ७** गाउँपालिकामा सञ्चालित जिपलाईनको लागि कार्यविधीमा तोकिएको दररेटमा ननाघ्ने गरी शुल्क लिने शर्तमा रहि जिप लाईनलाई ईच्छुक व्यक्ति, कम्पनी, फर्म, संस्थाले चालु आ.व. मा सञ्चालन गर्ने गरी आन्तरिक आयको लागि न्यूनतम कबोल अंक (मुल्य अभिबृद्वी कर बाहेक) रु ११०००० ।— (एक लाख दश हजार रुपैया मात्र) राखी बढबढमा ठेक्का व्यावस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८** संघीय समपुरक अनुदानबाट प्राप्त तपसिलका आयोजना कार्यन्वयन गर्दा हुने अनावश्यक प्रशासनिक खर्च घटाउन, धेरै काम समय मै सम्पन्न गर्न, कामलाई गुणस्तरीय बनाउन आगामी आ.व. मा कार्य सम्पन्न गर्ने गरी बहुबर्षीय ठेक्काको लागि आवश्यक प्रकृया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने । उल्लेखित आयोजनाहरुमा नपुग हुने रकम आगामी आर्थिक वर्षमा संघीय समपुरक आयोजनाको रुपमा माग गर्ने साथै माग गरे बमोजिम रकम प्राप्त नभएमा वा प्राप्त रकम अपुग हुने देखिएमा सम्झौता बमोजिमको नपुग रकम आगामी आ.व. मा सुनिश्चितता गर्ने गरी बजेट तर्जुमा गर्ने सर्वसम्मत निर्णय गरियो ।

क. फास्टार सुकुभञ्याङ्ग मोटरबाटो स्तरीकरण

ख. मनहरी खोला पक्की पुल देखी नामटार कालिकाटार सडक (स्ल्याब ढलान तथा कालोपत्रे)

**विविध एजेण्डासंग सम्बन्धीत निर्णयहरु**

**निर्णय नं. ९.** MCA, नेपाल कार्यन्वयनको लागि प्रभावित क्षेत्रमा गाउँपालिकाको पूर्वाधार विकास समिति अन्तर्गत रहने गरी देहाय बमोजिमको “उर्जा विकास उपसमिति” गठन गर्ने सर्वसम्मत निर्णय गरियो

क. संयोजक — तिलक बहादुर मुक्तान (वडा अध्यक्ष वडा नं. ४)

ख. सदस्य — देव लाल बल

ग. सदस्य — छेकु लामा

घ. सदस्य — राम बहादुर गुम्बा

ङ. सदस्य — राम मायाँ प्रजा

च. सदस्य — सम्झना गोले

सल्लाहकार

क. उदास कुमार भोलन

प्रमुख प्रशासकीय अधिकृत

लोक बहादुर मुक्तान
अध्यक्ष

ख. प्रमुख प्रशासकीय अधिकृत

संरक्षक

उपाध्यक्षज्यू

**निर्णय नं. १०** - गाउँपालिकाले सञ्चालन गरेको गाडी नं. ५५३२ संग पैदलयात्रु ठोकिन गई दुर्घटना भएको र दुर्घटनाको कारणले पैदलयात्रुको उपचारको लागि लागेको उपचार खर्च वापतको रकम रु ४००००।– गाउँपालिकाको चालु आ.व. को भैपरी आउने चालु खर्च शीर्षकबाट भुक्तानी गर्ने दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ११** - विपद् प्रभावित व्यक्ति, परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०८० मा देहाय बमोजिम संशोधन गरी स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. विपद् प्रभावित व्यक्ति, परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड,२०८० को दफा (१७) र (१८) को सट्टा देहाय बमोजिमको दफा (१७) र (१८) राख्ने

"दफा १७. (१) विपद प्रभावित वर्गीकरण:

गाउँपालिकामा आइपर्ने विपद बाट प्रभावितहरुको वर्गीकरण देहायबमोजिम हुनेछ :

(क) **प्रभावित**

प्राकृतिक वा मानव सृर्जित विपद जस्तैः भुकम्प, वाढी, पहिरो, आगलागी, महामारी, अनिकाल, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु सर्पदशं, जनावर आतङ्क आदि बाट सामान्य क्षति तथा अङ्ग भङ्ग भएका र शारीरिस रूपमा घाईते भई उपचारत अवस्थामा रहेका व्यक्तिरपरिवार तथा संघ संस्थाहरु यस वर्गमा पर्दछन ।

(ख) **आंशिक प्रभावित**

प्राकृतिक वा मानव सृर्जित विपद बाट प्रभावित भएकाहरु जस्तैः घरमा सामान्य क्षति भएका तर बस्न लायक, वाढी, पहिरोले खेतवारी सामान्य क्षति पु–याएका, आगलागी भई घर तथा मानव जन, चौपाया, पशुपंक्षीमा सामान्य भौतिक क्षति भएकाहरु यस वर्गमा पर्दछन ।

(ग) **अति प्रभावित**

प्राकृतिक तथा मानव सृर्जित विपद बाट प्रभावित भई जन धनको क्षति व्यहोरेका परिवारका सदस्यको मृत्यु भएका, बसोबास गर्ने घर एवं अन्य भौतिक पूर्वाधार नष्ट भएका, अङग भङग भई जीविकोपार्जनका लागि अन्य माथि आश्रित हुन पुगेकाहरु यस वर्गमा पर्दछन ।

दफा १८. राहत वितरण व्यवस्थापन क्षेत्र:

क) विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई दफा १७ (क) वर्गीकरणमा परेकाहरुलाई ७ हजार देखी बढीमा १० हजार सम्म उपलब्ध गराउने,

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

ख) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई दफा १७ (ख) वर्गीकरणमा परेकाहरुलाई प्रति परिवार १० हजार देखी बढीमा २५ हजार सम्म उपलब्ध गराउने,

ग) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई दफा १७ (ग) वर्गीकरणमा परेकाहरुलाई देहाय बमोजिम राहत उपलब्ध गराउने,

(अ) परिवारका सबै सदस्यहरु मृत्यु भएमा प्रति परिवार रु. २० हजार

(आ) परिवारका सदस्यहरू मृत्यु भएमा मृतकको सगोलको परिवारलाई रु. ५० हजार

(इ) घरवार विहिन भएका परिवार लाई प्रति परिवार रु. ३० हजार

(ई) प्राकृतिक प्रकोप तथा मानवीय कारणबाट पशु चौपाय तथा गोठको क्षती भएमा देहाय बमोजिम सहयोग गरिनेछ ।

| क्र.सं. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षेतीको विवरण) | सहयोग गर्ने रकम |
|---|---|---|
| १ | पशु गोठ नष्ट भएमा (प्रति गोठ) | रु. ५ हजार देखी २५ हजार |
| २ | कुखुराको खोर नष्ट भएमा (प्रति खोर) | रु. २ हजार देखी १० हजार |
| ३ | गाई, गोरु तथा रागाँ, भैसी (प्रति गोटा) | रु. ७ हजार |
| ४ | बोका, बाख्रा, भेडा, च्यांग्रा (प्रति गोटा) | रु. ५ हजार |
| ५ | हाँस, कुखुरा (प्रति गोटा) | रु. १५० |
| ६ | माछा पोखरी (प्रति पोखरी) | रु. ५ हजार |

**निर्णय नं. १३**- गाउँपालिकामा हाल रहेको केही मोटरसाईकल बिग्रिएर अत्याधिक मर्मत खर्च आउने देखिएको साथै चालु अवस्थामा रहेका मोटरसाईकल नपुग भएकोले चालु आर्थिक वर्षमा विनियोजन गरिएको भैपरी आउने पुँजीगत खर्च शीर्षकबाट खर्च लेख्ने गरी मोटर साईकल खरिद गर्न रु ५,००,०००\- (पाँचलाख रुपैया मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १४**- चालु आ.व. मा स्वीकृत वडा अन्तर्गत उपभोक्ता समितिद्वारा सञ्चालन हुने कार्यक्रमहरु सहज ढंगले सञ्चालन गरी समय मै कार्य सम्पन्न गर्न सबै वडाहरुमा मिति २०८२\०८\२० गते भित्र उपभोक्ता समिति गठन गरी सक्ने र टाढा रहेका वडाहरुमा गई सम्झौता गर्ने व्यावस्था मिलाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १५** - गाउँपालिकाले ठेक्काद्वारा सञ्चालन गर्ने २ करोड वा सो भन्दा माथिका पुर्वाधार सम्बन्धी आयोजनाहरुमा निर्माण व्यवसायीद्वारा पटक पटक ताकेता गर्दा समेत काममा ढिलासुस्ती गरी समयमै काम सम्पन्न नगरी कतिपय सशर्त \ समपुरक \ विशेष अनुदानबाट सञ्चालित आयोजनाहरुको रकम फ्रिज हुने तर काम अधुरो नै रही अर्को आ.व. मा सम्पुर्ण आर्थिक दायित्व गाउँपालिकालाई मात्रै पर्ने समस्या देखिएकोले ठेक्का आव्हान गर्दा "समय मै काम सम्पन्न गर्ने र

प्रमुख प्रशासकीय अधिकृत                    अध्यक्ष

नगरेमा गाउँपालिकाले गर्ने जुनसुकै कारवाही मञ्जुर हुने" कबुलियतनामा पत्र संलग्न गर्ने र उक्त कबुलियतनामा पेश नगर्ने कम्पनी, फर्म, संस्थाको प्राविधिक प्रस्तावमा अयोग्य ठहर गरी निजलाई प्रतिस्पर्धाबाट अलग गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १६-** वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा सामाग्री ढुवानी गर्ने, आयोजनाहरूको अनुगमन गर्ने लगायत कार्य गर्न गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षले प्रयोग गर्ने सवारी साधनहरू (प्र-३-०१-००२झ-५१३७ र प्र-३-०१-००२झ-५५३२) उपलब्ध नभएमा मात्रै अन्य सवारी साधन भाडामा लिने व्यवस्था गर्ने, उल्लेखित काममा गाउँपालिकाका सवारी साधन प्रयोग गर्दा विकट भौगोलिक अवस्था, दुरी तथा सडकको अवस्थाले ईन्धन वढी खपत हुने देखिएकोले बागमती प्रदेश सरकारको स्थानीय तहको प्रदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ (क) मा उल्लेखित अध्यक्ष र उपाध्यक्षको सुविधा अन्तर्गतको ईन्धनले अन्य कार्यमा समेत सवारी साधन प्रयोग गर्नु पर्ने भएकोले ऐनमा तोकेको ईन्धनको मापदण्डले नपुग्ने हुदा प्रति सवारी साधन मासिक ३०० लिटर सम्म ईन्धनको व्यवस्था गर्ने सर्वसम्मतले निर्णय गरियो।

**निर्णय नं. १७-** गाउँपालिकामा कार्यारत हलुका सवारीचालकहरू कार्यालयको कामको सिलसिलामा गाउँपालिका बाहिर गईरहनुपर्ने तर उक्त अवधीको दैनिक भ्रमणभत्ता उपलब्ध नगराईएकोले एम्बुलेन्स चालक बाहेका हलुका सवारी चालकहरूलाई मासिक न्यूनतम तलब स्लेकको ३५ प्रतिशत रकम प्रोत्साहन भत्ताको रूपमा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

लोक बहादुर मुक्तान
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत